# Telecom. Newsletter

"राष्ट्र निर्माण हाम्रो लक्ष्य"

नेपाल दूरसञ्चार कं. लि., केन्द्रीय कार्यालय, सूचना तथा प्रकाशन शाखाद्वारा प्रकाशित



दूरसञ्चार भवन, भद्रकाली, काठमाडौं

Volume 8, Issue 4, No. 46 Nepal Telecom (Nepal Doorsanchar Co. Ltd.) Bi-monthly, Falgun - Chaitra, 2065 (March 2009)

## कम्पनीको पाँचौं वार्षिकोत्सव सम्पन्न

सूचना तथा सञ्चार मन्त्री कृष्ण बहादुर महराले वर्तमान सूचना प्रविधिको युगमा दूरसञ्चार सेवा मौलिक आवश्यकताको वस्तु भए पनि ग्रामीण क्षेत्र र शहरी क्षेत्रका बीच ठूलो खाडल रहेकाले सो खाडल पुर्न नेपाल टेलिकमले थप प्रयत्न गर्नुपर्ने बताउनु भएको छ। नेपाल टेलिकमको पाँचौं वार्षिकोत्सवका अवसरमा आयोजित कार्यक्रममा बोल्दै उहाँले नेपाल टेलिकमको संरचना र कार्यशैलीमा परिवर्तन गरी दूरसञ्चार सेवाहरुलाई वैज्ञानिक,मर्यादित र गुणस्तरीय बनाउन आग्रह गर्नुभयो। उँहाले कम्पनीका सेवालाई गुणस्तरीय र प्रभावकारी बनाई वर्तमान चुनौतीको सामना गर्नका लागि कम्पनीका कर्मचारी,व्यवस्थापन र कर्मचारी संगठनहरुले गम्भीर भएर सोच्न आवश्यक भएको सो अवसरमा बताउनु भयो। सो अवसरमा सञ्चार मन्त्री महराले नेपाल टेलिकममा निरन्तर २५ वर्ष सेवा गरेका कर्मचारीहरुलाई दीर्घ सेवा पदक, प्रमाणपत्र र नगद पुरस्कार वितरण गर्नुभयो।



मा. मन्त्री कृष्णबहादुर महरा कर्मचारीहरुलाई पदक वितरण गर्दै

यस्तैगरी सो कार्यक्रममा नेपाल टेलिकम सञ्चालक समितिका अध्यक्ष एवं सूचना तथा सञ्चार मन्त्रालयका सचिव लीलामणी पौड्यालले मुलुकको विषम भौगोलिक स्थितिलाई विचार गरी विकट ग्रामीण क्षेत्रसम्म गुणस्तरीय टेलिफोन सेवा पुऱ्याउन उपयुक्त हुने प्रविधिको व्यापक विस्तार र नयाँ नयाँ प्रविधिले भित्राउने सेवा सुविधामा सर्वसाधारण जनताको पहुँच पुऱ्याउन नेपाल टेलिकम सक्रिय रहनुपर्ने बताउनु भयो। उहाँले दूरसञ्चार सेवाको माग र आपूर्तिका बीचको खाडल पुर्देजान नेपाल टेलिकमले आगामी दिनमा अझ बढी प्रयत्न गर्नुपर्ने बताउनु भयो। साथै कम्पनीका अध्यक्ष पौड्यालले वार्षिकोत्सवका अवसरमा आयोजित रक्तदान कार्यक्रममा सहभागी तथा अतिरिक्त क्रियाकलापका विजयीहरुलाई प्रमाणपत्र तथा पुरस्कार वितरण गर्नुभयो।

सो अवसरमा नेपाल टेलिकमका प्रबन्ध निर्देशक अमरनाथ सिंहले दूरसञ्चार सेवामा ग्रामीण क्षेत्रका जनताको पहुँच वृद्धि गरी डिजिटल डिभाइडलाई कम गर्न ग्रामीण क्षेत्रमा सेवाको पहुँच वृद्धि गर्ने कार्यलाई प्राथमिकतामा राखिएको र यस कार्यक्रम अन्तर्गत GSM तथा CDMA सेवालाई बढी भन्दा बढी ग्रामीण तथा दुर्गम क्षेत्रमा विस्तार गर्ने योजना रहेको बताउनु भयो। साथै अन्य प्रविधिहरुबाट सेवा विस्तार गर्न नसकिने ग्रामीण क्षेत्रका खासगरी अति विकट हिमाली गाविसहरुमा Ku- Band VSAT प्रविधिबाट Internet तथा टेलिफोन सेवा पुऱ्याउने कार्य प्रारम्भ गरिएको जानकारी गराउनुभयो।

बाँकी २ पेजमा

## टेलिकमलाई ITU-D को सदस्यता

नेपाल टेलिकमले International Telecommunication Union (ITU) को सदस्यता प्राप्त गर्ने भएको छ। कम्पनीले सूचना तथा सञ्चार मन्त्रालयको स्वीकृतिमा सदस्यताका लागि अनुरोध गरेकोमा हालै ITU ले सो अनुरोधलाई स्वीकार गरी ITU- D (Telecommunication Development Sector) को सदस्यता प्रदान गर्ने निर्णय भएको जानकारी गराएको हो।

## टेलिकमको सल्लाहाकारमा चक्रपाणी शर्मा

सरकारले चक्रपाणी शर्मालाई नेपाल टेलिकमको सल्लाहाकारमा नियुक्त गरेको छ। उहाँलाई गत माघ १७ गतेको मन्त्रीस्तरीय निर्णयबाट टेलिकमविज्ञका रुपमा सल्लाहाकारमा नियुक्त गरेको हो। उहाँ नेपाल टेलिकमका पूर्व कर्मचारी तथा नेपाल टेलिकम सञ्चालक समितिका पूर्व सदस्य हुनुहुन्छ।

## अप्टिकल फाइवरबाट लिज सर्किट

नेपाल टेलिकमले मुलुकभर सञ्जाल भएका कार्यालय तथा संस्थाहरुलाई सूचना प्रविधि संयन्त्रबाट जोडी उनीहरुको सेवा र सूचनालाई एकरुपता प्रदान गर्न Optical Fibre बाट Lease Circuit उपलब्ध गराउन लागेको छ। ठूला वित्तीय संस्था, शैक्षिक संगठन, होटल, राजदूतावास, सूचनाप्रविधि सम्बन्धी संस्था तथा गैरसरकारी कार्यालय लगायतका विभिन्न संघ संस्थाहरुको आवश्यकतालाई दृष्टिगत गरी ल्याइएको यो सेवाले उनीहरुको आवश्यकता पुरा गर्न सहयोग गर्ने अपेक्षा गरिएको छ।

नेपाल टेलिकमले प्रथम चरणमा काठमाडौं उपत्यकाबाट यो सेवा शुरु गर्न लागेको छ। Optical Fibre बाट प्रदान गरिएको Lease Circuit सेवा थप प्रभावकारी र भरपर्दो हुनुका साथै माग बमोजिम उपलब्ध पनि गराउन सकिने क्षमताको हुन्छ।

## नेपाल टेलिकमको ग्राहक आधार ३४ लाख नाघ्यो

नेपाल टेलिकमले विभिन्न प्रकारका प्रविधि मार्फत आफ्ना सेवा विस्तारका क्रममा पौष मसान्त सम्ममा आफ्ना ग्राहक आधार ३४ लाख ३ हजार ७ सय ८८ (ल्याण्डलाइन (PSTN), जिएसएम मोवाईल र सिडिएमए फिक्स्ड र मोवाईल) पुऱ्याएको छ।

यसमा जि एस एम मोवाईल ग्राहक संख्या २२,२५,७०७, सि डि एम ए ग्राहक संख्या ६,३२,००५ र ल्याण्डलाइन टेलिफोन ग्राहक संख्या ५,४६,०७६ पुगेको छ।

अघिल्लो (मंसिर) महिनामा यो संख्या जम्मा ३२ लाख ३४ हजार ७ सय ४४ मात्र थियो भने पाँच वर्ष अघि कम्पनी स्थापना हुँदा कम्पनीका ग्राहक संख्या ४ लाख २२ हजार मात्र थिए।

त्यस्तै गरी नेपाल टेलिकमले पौष मसान्तसम्ममा टेलिफोन घनत्व १२.६२ प्रतिशत पुऱ्याएको छ। यो संख्या गत मंसिर महिनासम्म १२ प्रतिशत मात्र थियो भने पाँच वर्ष अघि नेपाल टेलिकमको टेलिघनत्व करीब २ प्रतिशत मात्र थियो। हाल देशको कूल टेलिफोन घनत्व करीब १९ प्रतिशत रहेको छ।

कम्पनीले पिएसटिएन टेलिफोन ७३ जिल्लामा र सिडिएमए र जिएसएम फोन सेवा ७५ वटै जिल्लामा विस्तार गरिसकेको छ। यस्तैगरी कम्पनीले पौष मसान्तसम्ममा देशका ३,२२९ वटा गाविसमा दूरसञ्चार सेवा पुऱ्याएको छ। मंसिर महिनामा यो संख्या ३,२०९ मात्र थियो। पौष महिनामा नेपाल टेलिकमका एडिएसएल ग्राहक संख्या १४ हजार ७७ पुगेको छ भने यो संख्या मंसिर महिनामा १३ हजार १ सय १५ थियो।

पाँच वर्ष अघि एक हजार टेलिफोन लाईनको लागि औसत १३ जना कर्मचारी कार्यरत थिए भने हाल नयाँ प्रविधिको प्रयोग र कर्मचारीको उत्पादकत्वमा वृद्धि भएका कारण एक हजार लाईनको लागि औसत २ जना कर्मचारीले सेवा प्रदान गर्न सकिरहेका छन्।

यस्तैगरी करीब पाँच वर्ष अघि कम्पनीको कार्य सञ्चालन आय आर्थिक वर्ष ०६०/०६१ मा रु ८ अरब ३० करोडबाट वृद्धि भई आर्थिक वर्ष ०६४/०६५ मा रु १७ अरब १० करोड (Un audited) पुगेको छ।

नेपाल टेलिकमले जिएसएम तथा सिडिएमए मोवाईल सेवाको विस्तार तथा गुणस्तर सुधारका क्रममा विटिएसहरु थप्ने क्रम जारी राखेको छ। पौष मसान्तसम्ममा कम्पनीले जिएसएम मोवाईलका ८३१ वटा विटिएस सञ्चालनमा ल्याएको छ।

बाँकी २ पेजमा

## फोन नभएका ठाउँमा पनि इन्टरनेट सेवा

नेपाल टेलिकमले ग्राहकहरुको सुविधाका लागि केबल नेटवर्क तथा इन्टरनेट PoP (Point of Presence) नभएका स्थानहरुमा पनि Radio Technology प्रयोग गरी इन्टरनेट सेवा उपलब्ध गराउन शुरु गरेको छ। यो Wireless Multi Sector Radio प्रविधिको शुरुवातसँगै अब इन्टरनेट PoP नभएका एक्सचेन्ज अन्तर्गतका ग्राहकहरुलाई पनि इन्टरनेट सेवाको माग गरेमा सेवा प्रदान गर्न सकिने भएको छ। साथै Copper Pair को अभाव रहेका स्थानहरुमा पनि यही प्रविधिबाट इन्टरनेट सेवा प्रदान गर्न सकिनेछ।

हाल नेपालगञ्ज, सुर्खेत, वीरगञ्ज, विराटनगर, सिमरा र हेटौंडाका टेलिफोन एक्सचेन्ज अन्तर्गत टेलिफोन सेवा तथा इन्टरनेट सेवा नपुगेका विभिन्न स्थानहरुमा यो Multi Sector Radio टेक्नोलोजीको प्रयोग गरी सेवा उपलब्ध गराउन शुरु गरी सकिएको छ। इन्टरनेट पप र तारवाला टेलिफोन नभएका स्थानमा मात्र नभएर यी दुवै सुविधाहरु भएर पनि विद्यमान क्षमताको पूर्ण प्रयोग भई थप सेवा उपलब्ध गराउन नसकिने क्षेत्रहरुमा पनि यस प्रविधिबाट इन्टरनेट सेवा प्रदान गर्न सकिन्छ।

बाँकी २ पेजमा

## टेलिकम र सर्वोच्च अदालतबीच सम्झौता

सर्वोच्च अदालतले आफ्नो E–Judiciary Project अन्तर्गत मुलुकका ७५ वटै जिल्लामा रहेका जिल्ला अदालत तथा पुनरावेदन अदालतहरु सञ्चारको सञ्जाल मार्फत जोडी न्याय प्रणालीलाई कम्प्युटराइज्ड गर्नका लागि नेपाल टेलिकमसँग लिखित सहमति गरेको छ। गत माघ २० गते टेलिकम र सर्वोच्च अदालत बीच भएको यो सहमति बमोजिम काठमाडौं उपत्यका तथा उपत्यका बाहिरका

बाँकी २ पेजमा





## नेपाल टेलिकमको ग्राहक .......

१ पेजको बाँकी

यस्तैगरी पौष मसान्तसम्ममा कम्पनीले सिडिएमए फोनका ३५८ वटा बिटिएस सञ्चालनमा ल्याएको छ । नेपाल टेलिकमले हाल सिडिएमए मोवाईल फोन विशेष गरी ग्रामीण क्षेत्रलाई लक्षित गरी विस्तार तथा वितरण गरिरहेको छ ।

कम्पनीले दूरसञ्चार सेवा नपुगेका गाविसहरुमा न्यूनतम दूरसञ्चार सेवा पुऱ्याउने उद्देश्यले Ku Band VSAT Terminal हरुको जडान कार्य यही माघ २२ गतेबाट शुरु गरिसकेको छ । उक्त टर्मिनलबाट ४ लाइनको टेलिफोन र २८.८ केबिपिएस (Kbps) को इन्टरनेट सेवा उपलब्ध हुन्छ ।

नेपाल टेलिकमले उपभोक्ताहरुको माग, चाहना र आवश्यकता अनुसार दूरसञ्चार सेवाको विस्तार र सेवाको गुणस्तर सुधारमा यथासक्य जोड दिइरहेको छ र भविष्यमा पनि यसलाई निरन्तरता दिइने छ ।

मुलुकको कुना काप्चासम्म सरल र सुलभ रुपमा गुणस्तरीय दूरसञ्चार सेवा प्रदान गरी कम्पनीलाई राष्ट्रको एउटा स्तरीय सेवा दिने अग्रणी व्यावसायिक संस्थाका रुपमा कायम राख्ने उद्देश्य अनुरुप कम्पनीले एघारौं त्रिवर्षिय योजना आर्थिक वर्ष २०६४ / ०६५ देखि आर्थिक वर्ष २०६६ / ०६७ सम्ममा ग्राहक संख्या करीब ६२ लाख तथा टेलिफोन घनत्व करीब २१ प्रतिशत पुऱ्याउने लक्ष्य राखेको छ ।

## फोन नभएका .......

१ पेजको बाँकी

अरु प्रविधिबाट इन्टरनेट सेवा उपलब्ध गराउन नसकिएका काठमाडौं उपत्यकाका विभिन्न स्थानहरुमासमेत यसै प्रविधि मार्फत इन्टरनेट सेवा उपलब्ध गराउने तयारी अन्तिम चरणमा पुगेको छ । तारवाला टेलिफोन नपुगेका र इन्टरनेट सेवा पुगेर पनि विद्यमान क्षमताको पूर्ण प्रयोग भइसकेका स्थानका ग्राहकहरुबाट इन्टरनेट सेवाको माग भई आएकोले उनीहरुको मागलाई दृष्टिगत गरी यो सेवा नेपाल टेलिकमले शुरु गरेको हो । यो सेवाको शुरुवातसँगै मागमा पनि वृद्धि भएको जानकारी गराइएको छ ।

## टेलिकम र सर्वोच्च.......

१ पेजको बाँकी

सम्पूर्ण न्यायाधीसहरुलाई नेपाल टेलिकमले इन्टरनेट सेवा उपलब्ध गराउनेछ । सहमति कार्यान्वयन गर्ने क्रममा प्रथम चरणमा काठमाडौं उपत्यकामा रहेका सबै न्यायाधीस तथा कानून अधिकृतहरुलाई ADSL\Dial up Internet सेवा उपलब्ध गराइनेछ । यसपछि देशका विभिन्न जिल्लामा गरी जम्मा ५० स्थानमा नेपाल टेलिकमको Intranet सेवाबाट जिल्ला तथा पुनरावेदन अदालतहरुलाई सर्वोच्च अदालतसँग जोड्ने योजना रहेको छ । साथै अन्य जिल्लाहरुको हकमा टेलिकमको Internet PoP विस्तार सँगै सेवा उपलब्ध गराउने सहमति भएको छ ।

## पर्यटकीय क्षेत्रमा टेलिफोन सेवा सञ्चालन

नेपाल टेलिकम दूरसञ्चार कार्यालय पोखराले हालै म्याग्दीको घोडेपानीमा BTS जडान गरी DSAT स्याटलाइट प्रविधिबाट लिंक गरी GSM र CDMA सेवा सञ्चालनमा ल्याएको छ। त्यस्तै गरी सोही प्रणालीबाट हालै प्रसिद्ध धार्मिक स्थल मुक्तिनाथमा पनि GSM र CDMA सेवा सञ्चालनमा ल्याएको छ। यी प्रसिद्ध पर्यटकीय क्षेत्रमा मोवाईल टेलिफोन सेवा सञ्चालनमा ल्याउनाले त्यस क्षेत्रका सर्वसाधारण,पर्यटन व्यावसायी र पर्यटकहरुलाई प्रत्यक्ष लाभ पुग्न गएको छ। दूरसञ्चार कार्यालय पोखराका प्रमुख सूर्यनारायण मालाकारका अनुसार नेपाल टेलिकमले गण्डकी र धौलागिरी अञ्चलमा गरी ७० वटा GSM BTS र ३२ वटा CDMA BTS जडान गरी सञ्चालनमा ल्याइसकिएको छ ।

यस्तैगरी दूरसञ्चार कार्यालय पोखराले हालै पुरानो पर्यटकीय स्थल तनहुँको बन्दिपुरमा पनि २ सय लाइन क्षमताको Siemens Exchange स्थापना गरी माघ सम्ममा १ सय ५० भन्दा बढी लाइन वितरण गरिसकेको छ ।

## दूरसञ्चार कर्मचारी समाजद्वारा स्वास्थ्य शिविर

नेपाल दूरसञ्चार निवृत्त कर्मचारी समाजका सदस्यहरुको सक्रियतामा काठमाण्डौं जिल्लाको दक्षिणी भेगस्थित छैमले गाविस वार्ड नं.३ मा हालै १ दिने स्वास्थ्य शिविर सञ्चालन गरियो । माघ २५ गते सञ्चालित उक्त शिविरमा ६ जना चिकित्सक तथा ४



जना अन्य स्वास्थ्यकर्मीहरुको संलग्नता रहेको थियो ।

स्वास्थ्य शिविरमा त्यस गाविसका नौ वडाबाट भेला भएका करीव ३ सय सर्वसाधारणको स्वास्थ्य परीक्षण गरी निशुल्क औषधि वितरण गरिएको थियो । उक्त स्वास्थ्य शिविर सञ्चालन गर्न चाहिने आवश्यक औषधिहरु देउराली जनता फर्मास्युटिकल काठमाण्डौं, लोमस फर्मास्युटिकल, ओमनिका फर्मास्युटिकल, नेपाल औषधि लिमिटेड र टाईम फर्मास्युटिकलबाट निशुल्क उपलब्ध गराईएको थियो । साथै नपुग औषधिहरु नेपाल दूरसञ्चार निवृत्त कर्मचारी समाजको तर्फबाट उपलब्ध गराइएको र बाँकी रहनगएका औषधिहरु स्थानीय गाविसलाई स्थानीय जनताको उपचारमा प्रयोग गर्ने गरी हस्तान्तरण गरिएको सो समाजले जानकारी गराएको छ ।

नेपाल टेलिकमबाट प्रदान भएका सेवाहरु मध्ये ADSL, CDMA, PSTN, सेवा बढी भरपर्दो र उपयोगी रहेका छन । GSM मोवाईलमा हाल समस्या थपिएको छ । यो लोडसेडिङ्गका कारण भन्ने गरिएको छ, त्यो के हो स्पष्ट गरी समस्या समाधान गर्नुपर्छ । टेलिकमले आफ्नो सेवा विस्तार गर्नुपूर्व त्यसको गुणस्तरमा ध्यान पुऱ्याए अझ राम्रो हुने थियो ।

मैले सबै सेवाहरु नेपाल टेलिकमको प्रयोग गरेकाले यसप्रति आफै विश्वस्त रहेको छु । समग्रमा भन्नुपर्दा टेलिकमका सेवाहरु प्रति म सन्तुष्ट छु ।

**दिपक कार्की,** अध्यक्ष
एकीकृत समाज विकास केन्द्र, पूल्चोक ।

## क्षेत्रीय निर्देशनालय भैरहवा गतिविधि

नेपाल टेलिकम पश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय भैरहवाले यही फागुन १ गतेबाट जिएसएम मोवाइल सेवामा GPRS सुविधा उपलब्ध गराएको छ । यस अघि काठमाडौ उपत्यकामा मात्र सिमित यो सेवा यस आर्थिक वर्षबाट काठमाडौ उपत्यका बाहिर पनि उपलब्ध गराउन शुरु गरिएको छ ।

यस्तै गरी नेपाल टेलिकमको ३५ लाख लाइनको GSM मोवाइल टेलिफोन कार्यक्रम अन्तर्गत यस निर्देशनालयले ZTE कम्पनीको MGW र BSC उपकरण जडान गरी हालै सेवा सञ्चालनमा ल्याएको छ । यस भन्दा अघि संचालित ४८ वटा BTS हरु सबै यसै MGW र BSC मा जोडी संचालनमा ल्याईएको छ । मंसिर, पुस र माघ महिनामा थप २२ वटा नयाँ BTS हरु जडान गरी ७० वटा BTS लुम्बिनी अञ्चलमा सञ्चालन भईरहेको सो निर्देशनालयले जानकारी दिएको छ ।

सो निर्देशनालयले दिएको जानकारी अनुसार निर्देशनालय अन्तर्गत लुम्बिनी, बैरिया (जीतपुर), पाल्पा, मंगलापुर र कावासोतीमा हालै High Speed Data Lease Line उपकरण जडान गरी सेवा उपलब्ध गराउने तैयारी गरिएको छ ।

निर्देशनालय अन्तर्गत रुपन्देही जिल्लाको योगीकुटीमा २ हजार लाइन क्षमताको नयाँ एक्सचेञ्ज स्थापना गरी सञ्चालनमा ल्याइएको छ । पहिले बुटवल एक्सचेञ्जबाट जडान भएका राजमार्ग चौराहदेखि दक्षिण तर्फका PSTN टेलिफोन लाईनहरु यसै योगीकुटी एक्सचेञ्जमा Shifting गरी सञ्चालनमा ल्याईएको छ ।

## नोटिसवोर्ड सेवाका विशेषताहरु :

- निशुल्क रुपमा प्राप्त गर्न सकिने,
- ग्राहकले नयाँ अतिरिक्त सामान किन्नु नपर्ने ,
- भैरहेको टेलिफोन लाईनमा दूरसञ्चारको VMS शाखावाट यो सेवा प्राप्त गर्न सकिने,
- आफ्नो सूचना ग्राहकले टेलिकमको जुनसुकै फोनबाट पनि रेकर्ड गर्न, हटाउन तथा पुन: रेकर्ड गर्न सकिने ,
- तीन मिनेट सम्मको सन्देश रेकर्ड गर्न सकिने,

**यो सेवा निम्न संस्थाहरुलाई बढी लाभदायक हुन्छ ।**

व्यापारिक संस्थाहरुको जानकारी, विज्ञापनको लागि ।

- मौसम विभागको लागि, मौसमी विवरण दिन ।
- ट्राभल एजेन्सीहरुलाई ट्राभल इन्फर्मेसन राख्न ।
- वायुसेवा कम्पनीहरुलाई उडान तालिका अपडेट गर्न ।
- ट्राफिक प्रहरीको लागि ट्राफिक अपडेट गर्न ।
- बैंकहरुलाई विनिमय दर प्रकाशित गर्न ।
- FM Radio तथा TV स्टेशनको कार्यक्रम तालिका राख्न ।

यो सेवा सम्वन्धी थप जानकारीका लागि www.ntc.net.np मा Log on गर्न सकिन्छ ।

## CDMA र GSM नेटवर्कबीच SMS शुरू

नेपाल टेलिकमले GSM मोवाईल सेवा तथा CDMA मोवाईल सेवामा सञ्चालन गरिरहेको SMS सेवा अब CDMA नेटवर्क र GSM मोवाईल नेटवर्कका वीचमा पनि हुने व्यवस्था गरिएको छ ।

हालै शुरु गरिएको यो सेवाको महसुलमा चैत्र मसान्तसम्म ५० प्रतिशत छुट दिने समेत व्यवस्था गरिएको छ ।

## कम्पनीको पाँचौ वार्षिकोत्सव.......

१ पेजको बाँकी

साथै उहाँले सबै प्रकारका दूरसञ्चार सेवाहरु (Voice,Data,Video आदि) को सहज र विश्वसनीय आपूर्तिका लागि अप्टिकल नेटवर्क नै सबैभन्दा उत्तम माध्यम भएकोले प्राविधिक तथा भौगोलिक दृष्टिले सम्भव भएका पहाडी जिल्लाका सदरमुकामहरु एवं अन्य शहरहरुलाई पूर्वपश्चिम अप्टिकल फाइवर नेटवर्कमा आवद्ध गर्ने कार्यक्रम रहेको बताउँदै दूरसञ्चार क्षेत्रमा भएको प्रविधि विकासलाई अंगाल्दै NGN मा आधारित फिक्स्ड नेटवर्कको विस्तार गर्ने र आउने समयमा IPTV, Wi-Max मा आधारित सेवाको विस्तार गर्ने लक्ष्य रहेको बताउनु भयो ।

उहाँले आर्थिक वर्ष २०६४।६५ को कम्पनीको कूल आय तथा आयकर पछिको मुनाफा दुवै उत्साहवर्द्धक देखिएकोले साधारणसभा मार्फत शेयर धनीहरुलाई केही प्रतिशत नगद लाभांश वितरण गर्न सकिने बताउँदै कम्पनीले फागुन महिनाको अन्तिम सम्ममा आफ्नो प्रथम वार्षिक साधारण सभा गर्ने लक्ष्यका साथ तयारी गरिरहेको जानकारी गराउनु भयो ।

सो कार्यक्रममा वार्षिकोत्सव कार्यक्रमका संयोजक तथा दूरसञ्चार तालिम केन्द्रका निर्देशक जीवनरत्न शाक्यले वार्षिकोत्सव कार्यक्रममा सहभागी सबैलाई धन्यवाद ज्ञापन गर्नुभएको थियो ।



## वार्षिकोत्सवका अवसरमा विशेष छुट

नेपाल टेलिकमले पाँचौ वार्षिकोत्सवका अवसरमा उपभोक्ताहरुलाई विभिन्न सेवाहरुमा विशेष छुट प्रदान गरेको छ ।

१. २०६५ फागुण १ गते देखि २०६५ चैत्र मसान्तसम्म PSTN टेलिफोन सेवाको विद्यमान जडान शुल्क रु.९००।- पुरै छुट दिने ।

२. मिति २०६५ असार मसान्तसम्मको PSTN सेवाको बुझाउन बाँकी महसुल मिति २०६५ फागुण १ गते देखि २०६५ चैत्र मसान्तसम्म भुक्तानी गरेमा बक्यौता शुल्कमा लाग्ने जरिवाना मिनाहा गर्ने ।

३. कम्पनीको GSM postpaid, GSM prepaid (NAMASTE), CDMA mobile (Sky phone) र CDMA Fixed (C-phone) सेवाबाट कम्पनी कै नेटवर्क भित्र हुने SMS सेवाको महसुल दर रु.१/- प्रति SMS मा मिति २०६५ फागुण १ गते देखि २०६५ चैत्र मसान्तसम्म ५० प्रतिशत छुट दिने ।

४. मिति २०६५ फागुण १ गते देखि PSTN सेवाको Caller Line Identification (CLI) सुविधा लिने ग्राहकहरुलाई विद्यमान Subscription Charge (One time) रु.५००/- मा छुट दिई रु.२००/- (One Time) कायम गर्ने ।

५. कम्पनीको Unlimited Dial-Up Internet सेवाको विद्यमान महसुल दरमा मिति २०६५ फागुण १ गते देखि Promotional Discount को रुपमा ५० प्रतिशत छुट दिई १-महिनाको लागि Subscription रु.५००/-, ६-महिनाको लागि रु.२,७५०/-, १२-महिनाको लागि रु. ५,२५०/- र २४-महिनाको लागि रु.९,६००/- महसुल कायम गर्ने । साथै, महसुल भुक्तानी गरिसकेका पुराना ग्राहकहरुको हकमा उक्त छुट हुने रकम बराबरको समयावधि थप गर्ने ।

## राँझा क्षेत्रमा टेलिफोन एक्सचेञ्ज सञ्चालन

केवुल चोरीको कारणवाट विगत एक वर्षदेखि अवरुद्ध मध्यपश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय अन्तर्गत दूरसञ्चार कार्यालय नेपालगञ्जको राँझा क्षेत्रको टेलिफोन लाईनहरु हालै सञ्चालनमा आएको छ ।

राँझामा नयाँ RSU एक्सचेञ्ज स्थापना गरी गत माघ २२ गतेदेखि नयाँ लाईन सञ्चालन गरिएको मध्य पश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय नेपालगञ्जका क्षेत्रीय निर्देशक खड्ग बहादुर बस्नेतले जानकारी दिनुभएको छ । नेपाल टेलिकमको पाँचौं वार्षिकोत्सवको अवसर पारी राँझा क्षेत्रमा नयाँ एक्सचेञ्ज स्थापना गरी अवरुद्ध भएका २ सय ५० टेलिफोन लाईन सञ्चालनमा ल्याइएको हो । यो एक्सचेञ्ज मध्यपश्चिमाञ्चल क्षेत्रको २४ औं एक्सचेञ्ज हो । पटक पटक विभिन्न समूहले तार चोरी गरेपछि एक वर्षदेखि राँझा क्षेत्रमा टेलिफोन सेवा अवरुद्ध हुँदै आएको थियो । नेपालगञ्ज विमानस्थल, नेपाली सेनाको ४ नं. बाहिनी लगायतका क्षेत्रमा एक वर्षदेखि टेलिफोन सेवा बन्द थियो । तार चोरीको कारणबाट अन्य क्षेत्रमा पनि अवरुद्ध रहेका टेलिफोन लाईन सञ्चालन गर्ने प्रक्रियामा रहेको निर्देशक बस्नेतले जानकारी दिनु भएको छ ।

यस्तै गरी नेपाल टेलिकमको पाँचौं वार्षिकोत्सवको उपलक्ष्यमा मध्य पश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय नेपालगञ्जले रक्तदान कार्यक्रम सञ्चालन गऱ्यो । क्षेत्रीय निर्देशक खड्ग बहादुर बस्नेतले २५ वर्ष भन्दा बढी सेवा गरेका सो क्षेत्रअन्तर्गतका चार जना कर्मचारीलाई प्रमाणपत्र एवं दीर्घसेवा पदक तथा रक्तदान गर्ने कर्मचारीलाई प्रमाणपत्र वितरण गर्नु भयो ।

## IN सेवाको विस्तार

नेपाल टेलिकमको सिडिएमए प्रविधि अन्तर्गत प्रदान गरिएका सेवाहरुका बारेमा जानकारी उपलब्ध गराउने र सिकायतहरुको समाधानका लागि स्थापित टेलिफोन नं १९१ को सेवालाई थप प्रभावकारी र उपयोगी बनाउन यसलाई आईभीआर (IVR) मार्फत सञ्चालन गर्न थालिएकोछ । यसबाट

उपभोक्ताले १९१ मा फोन गर्नासाथ तत्काल नै स्वचालित सेवा मार्फत आफ्नो सिकायत गर्न सक्नेछन् ।

उपभोक्तहरुको सुविधाका लागि कम्पनीले स्वचालित प्रणालीबाट काम गर्ने आईभीआरको प्रयोगबाट उपभोक्ताहरुलाई विभिन्न किसिमका सेवाहरु उपलब्ध गराउँदै आएको छ । यस अन्तर्गत कम्पनीले १९८ PSTN टेलिफोनको मर्मत सिकायत,१६०० र १६०१ डायल गरी एसएलसी र दश जोड दुईको परीक्षाको परिणाम सुन्न सक्ने १६०६ बाट PSTN टेलिफोनको महसुल बुझ्न सक्ने र १६०७ डायल गरी जिएसएम तथा सिडिएमए मोवाइलको पुक नम्बर प्राप्त गर्न सक्ने सेवाहरु प्रदान गर्दै आएको छ । सिडिएमए प्रविधिका सेवाहरुमा आईभिआरको प्रयोग पश्चात १९१ को सेवा थप प्रभावकारी हुने अपेक्षा गरिएको छ ।

यसैगरी नेपाल टेलिकमले विराटनगर, वीरगंज, भैरहवा, पोखरा, र नेपालगञ्जबाट पनि इन्टेलिजेण्ट नेटवर्क अन्तर्गत ग्राहकलाई सेवा उपलब्ध गराउने कार्य शुरु गरेको छ । केही अघिसम्म पनि देशभरबाट टेलिकमका तीन वा चार अंक भएका (१९८, १९१, १६००, १६०१, १६०६, १६०७) टेलिफोन नम्बरमा डायल गरी यी सेवा लिने ग्राहकहरुले काठमाडौंकै संयन्त्र मार्फत सेवा पाउने गरेकोमा अब उक्त सेवाहरु उल्लेखित स्थानहरुबाटै प्राप्त गर्न सकिने गरी कार्य शुरु भइसकेको छ । विराटनगरबाट पनि यो सेवा निकट भविष्यमै शुरु गरिने गरी काम थालिएको छ ।



## CAN Infotech मा नेपाल टेलिकम

नेपाल टेलिकमले हरेक वर्ष झैं यस वर्ष पनि सूचना प्रविधि सम्बन्धी प्रदर्शनी (CAN Infotech 2009 ) कार्यक्रममा



नेपाल टेलिकमको कक्षमा सर्वसाधारणको उत्साजनक सहभागीता

सहभागी भई आफ्ना सेवा सम्बन्धमा सर्वसाधारण उपभोक्तालाई जानकारी गरायो ।

माघ एक गते देखि ६ गतेसम्म काठमाडौको भृकुटीमण्डपमा आयोजना भएको सो कार्यक्रममा नेपाल टेलिकमले आकर्षक प्रदर्शनी कक्षबाट आफ्ना सेवाहरुको सम्बन्धमा विभिन्न किसिमका प्रचार सामग्री मार्फत जानकारी गराएको थियो । नेपाल टेलिकमको उक्त कक्षमा प्रदर्शनी अवधिभर नै सर्वसाधारणको उत्साहजनक सहभागिता रहेको थियो ।

नेपाल टेलिकम हरेक वर्ष आयोजना गरिने सूचना प्रविधि सम्बन्धी प्रदर्शनी (CAN Infotech) कार्यक्रमको प्रमुख प्रायोजक पनि रहदै आएको छ । देशमा सूचना सञ्चार प्रविधिको विकासका लागि नेपाल टेलिकमले विभिन्न किसिमका सहयोग गरिरहेको सन्दर्भमा सूचना प्रविधि सम्बन्धी प्रदर्शनी कार्यक्रम आयोजनाका लागि हरेक वर्ष एउटा प्रमुख प्रायोजकको भूमिका निर्वाह गरेर योगदान पुऱ्याइरहेको छ । विगत वर्षहरुमा झैं CAN Infotech 2009 मा पनि नेपाल टेलिकम एउटा प्रमुख प्रायोजक "Diamond Sponser को रुपमा रहेको थियो ।

यस प्रदर्शनी कार्यक्रममा खासगरी सूचना प्रविधि सम्बन्धी व्यावसायी, विद्यार्थीहरु र यसमा चासो राख्ने विभिन्न क्षेत्रका लाखौं मानिसहरुको उत्साहपूर्ण सहभागिता रहेको थियो ।

यस कार्यक्रमका अवसरमा आयोजना भएको सूचना प्रविधि सम्बन्धी अन्तर्राष्ट्रिय स्तरको सम्मेलनमा नेपाल टेलिकमका ६० जना कर्मचारीहरुको सहभागिता रहेको थियो ।

## राष्ट्रिय कर्मचारी संगठनको अधिवेसन सम्पन्न

सूचना तथा सञ्चार मन्त्री कृष्णबहादुर महराले राष्ट्रको आवश्यकता र जनताको चाहना पुरा गर्ने दिशातर्फ नेपाल टेलिकमलाई लैजानका लागि कम्पनीका सबै कर्मचारी संगठनहरु एक भएर काम गर्न तथा व्यवस्थापनलाई सहयोग गर्न आग्रह गर्नु भएको छ । नेपाल राष्ट्रिय कर्मचारी संगठन,नेपाल टेलिकम, केन्द्रीय संगठन समितिको प्रथम केन्द्रीय अधिवेशनको उद्घाटन गर्दै उँहाले नेपाल टेलिकमका आन्तरिक र बाह्य दुई किसिमका चुनौतीहरु रहेको बताउँदै यी चुनौतीहरुको सामना गर्न कर्मचारीहरुले आफ्ना परम्परागत कार्यशैलीमा परिवर्तन गर्नुपर्ने बताउनु भयो ।

सो कार्यक्रममा सूचना तथा सञ्चार मन्त्रीका टेलिकम सल्लाहाकार चक्रपाणी शर्माले वर्तमान प्रतिस्पर्धात्मक बातावरणमा नेपाल टेलिकमलाई अरु प्रतिस्पर्धी भन्दा अघि बढाउनका लागि समय सापेक्ष यसको संरचना परिवर्तन गर्न तयार हुनु पर्ने बताउनु भयो ।

सो कार्यक्रममा नेपाल टेलिकमका प्रबन्ध निर्देशक अमरनाथ सिंहले वर्तमान प्रतिस्पर्धाको अवस्थामा सहुलियत दरमा गुणस्तरीय दूरसञ्चार सेवा अनडिमाण्ड रुपमा वितरण गर्नुपर्ने चुनौतीको सामना गर्न कार्यमा सहयोग पुऱ्याउन सम्पूर्ण कर्मचारीहरु र ट्रेड यूनियनहरुलाई आग्रह गर्दै कम्पनीले छिट्टै नै कर्मचारी विनियामावली संसोधन गर्न लागेको जानकारी गराउनु भयो ।

कार्यक्रममा नेपाल राष्ट्रिय कर्मचारी संगठन, नेपाल टेलिकमका सल्लाहाकार निलकण्ठ तिवारीले वर्तमान संक्रमण कालको अवस्थामा राष्ट्रिय कर्मचारी संगठनले कम्पनीलाई अग्रगामी दिशामा लैजानका लागि योगदान पुऱ्याउनु पर्ने बताउनु भयो । सो कार्यक्रममा नेपाल राष्ट्रिय कर्मचारी संगठन,नेपाल टेलिकम ,केन्द्रीय संगठन समितिका टोपनाथ धिताल, नेपाल टेलिकम कर्मचारी यूनियनका अध्यक्ष सरोज ढुंगाना, नेपाल दूरसञ्चार कम्पनी कर्मचारी परीषदका नि महासचिव रञ्जन अर्याल, नेपाल दूरसञ्चार कर्मचारी संघका उपाध्यक्ष केशव देवकोटा,नेपाल टेलिकम वर्कर्स यूनियनका अध्यक्ष शंकर लामिछाने, ने रा क स संस्थान राष्ट्रिय समितिका अध्यक्ष सोम बहादूर घले, ने रा क महासंघका महासचिव ठाकुर देवकोटा, ने रा क महासंघका अध्यक्ष रुक्म लामिछानेले कर्मचारी यूनियनहरुले खेल्नुपर्ने भूमिकाका सम्बन्धमा प्रकाश पार्नु भएको थियो ।

सो कार्यक्रम नेपाल राष्ट्रिय कर्मचारी संगठन,नेपाल टेलिकम, केन्द्रीय संगठन समितिका अध्यक्ष गुमान सिहं केसीको सभापतित्वमा भएको थियो । उँहाले नेराकस बिचारको संगठन भएको जानकारी गराउँदै नेपाल टेलिकमको संरचना परिवर्तन कम्पनीको विकास,कर्मचारीहरुको संरक्षण तथा समुन्नतितिर लक्षित भए नेराकसले सहयोग गर्ने बताउनु भयो । नेराकसको प्रथम अधिवेसन नयाँ नेतृत्वको चयन गरी सम्पन्न भयो ।

हाम्रा सेवाहरु



SKY DATA



E-mail / Internet



V-SAT



ADSL

# अनधिकृत VOIP प्रयोग गर्ने विरुद्ध कारवाही

अनधिकृत VOIP उपकरणको प्रयोग गरेर गैरकानुनी रुपमा अन्तर्राष्ट्रिय कल बाईपास गरी नेपाल टेलिकम तथा नेपाल सरकारको राजश्वमा हानी नोक्सानी गर्नेहरुलाई नेपाल टेलिकमले प्रहरी प्रशासनलगायत नेपाल सरकारका अन्य सम्बन्धित निकायहरुको सहयोगमा छापामारी उपकरणहरु जफत गर्नेलगायतका कानुनी कारवाही गर्दै आएको छ ।

यसै सन्दर्भमा का.जि.का.म.न.पा. वडा नं. ३ नारायण गोपाल चोकस्थित कृष्ण प्रसाद पौडेलको घरमा दूरसञ्चारको अनधिकृत VoIP मार्फत् अन्तर्राष्ट्रिय आगमन कल बाईपास गर्ने गैरकानुनी कार्य गरेको आशंका भएकोले गत फागुन एक गते महानगरीय प्रहरी वृत्त महाराजगञ्ज, काठमाडौंको कमाण्डमा खटिएका प्रहरीहरु एवम् यस कम्पनीका सम्बन्धित विभागका प्रबन्धकको नेतृत्वमा नेपाल टेलिकमका अन्य पदाधिकारीहरुको संयुक्त टोलीले सो शंकास्पद घरमा छापा मारी निरीक्षण गरेको छ । यसरी छापा मारी निरीक्षण गर्दा उक्त घरमा बहालमा बस्ने विभिन्न व्यक्तिहरुले अनधिकृत उपकरणहरु प्रयोग गरी गैरकानुनी कार्य गरेको पाइएकाले ती उपकरणहरु जफत गरी थप कानुनी कारवाहीका लागि सूचना तथा सञ्चार मन्त्रालय, नेपाल दूरसञ्चार प्राधिकरण,राजश्व अनुसन्धान महाशाखा, र नेपाल प्रहरीमा लेखी पठाइएको छ ।

सो छापा मार्ने कार्य गर्दा घटनास्थलमा एलाइड नेटलिंक टेक्नोलोजिज् प्रा.लि., कमलादी काठमाडौंका रमेन मास्के,नूरध्वज जोशी, सिसिर अधिकारी तथा मनि कुमार तामाङ्ग अन्तर्राष्ट्रिय आगमन कल बाईपास गर्ने गैरकानुनी कार्यमा संलग्न पाईएकोले निजहरुलाई महानगरीय प्रहरी वृत्त महाराजगञ्ज, काठमाडौंको कमाण्डमा खटिएका प्रहरीद्वारा नियन्त्रणमा लिइएको छ ।

छापा मार्दा खुल्न आए अनुसार एलाइड नेटलिंक टेक्नोलोजिज् प्रा.लि., कमलादी काठमाडौंको नूरध्वज जोशी, सिसिर अधिकारी, रमेन मास्के तथा मनि कुमार तामाङ्ग लगायत उक्त अवैध कार्यमा संलग्न सबैलाई हदैसम्मको कानुनी कारवाही हुनुपर्ने साथै कम्पनीलाई पुऱ्याएको हानी नोक्सानी भराउनुपर्ने र एलाईड नेटलिंक टेक्नालोजीज प्रा.लि.-ईन्टरनेट सेवा प्रदायक संस्था तथा जावलाखेल केबुल नेटवर्क प्रा.लि. नामक संस्थाको संलग्नता रहेको जानकारीमा आएकोले उक्त संस्थाहरु उपर आवश्यक कारवाही गर्नको लागि नेपाल दूरसञ्चार प्राधिकरण लगायत सम्बन्धित नेपाल सरकारका अन्य निकायहरुलाई अनुरोध गरिएको छ ।

घटनास्थलबाट अनधिकृत VoIP मार्फत् अन्तर्राष्ट्रिय आगमन कल बाईपास गर्ने गैरकानुनी कार्यमा प्रयोग भैरहेका सम्पूर्ण सामानहरुको घटनास्थलमै मुचुल्का तयार गरी महानगरीय प्रहरी वृत्त महाराजगञ्ज, काठमाडौंको कमाण्डमा रहेको प्रहरी टोलीले बरामद गरेको छ ।

# दूर्गम स्थानमा KU Band VSAT प्रणालीबाट दूरसञ्चार सेवा

दुर्गम तथा अति विकट ग्रामीण क्षेत्रका सर्वसाधारण जनताका बीचमा समेत दूरसञ्चार सेवा पुऱ्याउने उद्देश्य अनुरुप नेपाल टेलिकमले हालै ती क्षेत्रमा सेवा वितरण गर्न शुरु गरेको छ । यो सेवा पुगेका दूर्गम क्षेत्रका गाउँ विकास समितिहरुसमेत राष्ट्रिय तथा



अन्तर्राष्ट्रिय दूरसञ्चार सेवा मार्फत आवद्ध हुनेछन् ।

दूर्गम क्षेत्रका लागि सबैभन्दा उपयुक्त अत्याधुनिक प्रविधिको दूरसञ्चार सेवाका रुपमा परिचित KU Band VSAT प्रविधिबाट नेपालका सबै गाविसहरु मात्र नभएर दूर्गम पहाडी र हिमाली भेगहरुमा पनि माग बमोजिम साधारण टेलिफोनलगायत इमेल, इन्टरनेट र सिडिएमए तथा जिएसएम मोबाईल टेलिफोन सेवा उपलब्ध गराउन सकिनेछ । स्याटलाइट सेवा निर्देशनालयका निर्देशक अनुपरञ्जन भट्टराईका अनुसार यो सेवा विस्तार तथा वितरणको लागि पहिलो प्राथमिकता हालसम्म टेलिफोन नपुगेका गाविसहरुलाई दिइएको छ । त्यसपछि ग्राहकहरुको माग बमोजिम दूरसञ्चार सेवाका दृष्टिले दूर्गम मानिएका स्थानहरुमा सेवा पुऱ्याइनेछ ।"

हाल सञ्चालनमा ल्याइएको KU Band VSAT प्रविधिबाट चार लाइन टेलिफोन, २८.८ केबिपिएसको इन्टरनेट तथा सेलुलर व्याकहोलबाट सिडिएमए र जिएसएम मोबाइल सेवा पनि उपलब्ध गराउन सकिने छ ।

नेपाल टेलिकमले यो प्रविधिबाट हालै म्याग्दी जिल्लाका दूर्गम गाविसहरु अर्मान, पाखापानी, मुदी र गुर्जामा सेवा प्रदान गरिसकेको छ । त्यस्तै गरी सुर्खेतको गुटु, प्युठानको स्याउलीवाङ र जुम्लाका चार स्थानहरुमा सो सेवा जडानका लागि हाल तीव्र गतिमा काम भइरहेको छ । निकट भविष्यमा नै सिन्धुली जिल्लाको विकट स्थान भीमगढमा पनि KU Band VSAT प्रविधिको सेलुलर व्याकहोलबाट सिडिएमएको बिटिएस राखी त्यस क्षेत्रमा मोबाइल सेवा शुरु गरिने भएको छ । भीमगढमा राखिएको बिटिएसबाट मकवानपुर जिल्लाका त्यस क्षेत्रका उपभोक्ताहरु पनि लाभान्वित हुनेछन् ।

नेपाल टेलिकमले यो सेवा क्रमशः अन्य स्थानहरुमा पनि विस्तार गर्ने लक्ष्य राखेको छ । कम्पनीको पाँचौ वार्षिकोत्सवका अवसरमा नेपाल टेलिकमले गत माघ २२ गतेबाट यो सेवा वितरण गर्न शुरु गरेको हो । वार्षिकोत्सवका अवसरमा आयोजित कार्यक्रममा पनि यो प्रविधिको टेलिफोन सेवाका उपकरणहरु प्रदर्शन गरिएको थियो ।

# कम्पनीको २० सूत्रीय कार्यक्रम घोषणा

नेपाल टेलिकमले सर्वसाधारण उपभोक्ताहरुलाई समयसापेक्ष गुणस्तरीय दूरसञ्चार सेवा सहुलियतपूर्ण रुपमा छिटो छरितो ढंगले उपलब्ध गराई कम्पनीलाई प्रगतिपथमा अघि बढाउन हालै २० सूत्रीय कार्यक्रम घोषणा गरेको छ ।

यस कार्यक्रमको आधारभूत कार्यनीति अनुसार वर्तमान प्रतिस्पर्धात्मक बजारको केन्द्र उपभोक्तावर्ग रहेको वास्तविकतालाई आत्मसात गरी उपभोक्तावर्गका प्राथमिकताहरु सेवाको आपूर्ति, सेवाको गुणस्तर, सहुलियतपूर्ण महसुल दर, र ग्राहक सम्बन्ध परिपूर्ति गर्न कम्पनीका सम्पूर्ण प्रयासहरु केन्द्रीत गर्ने रहेको छ ।

यस्तैगरी दूरसञ्चार विकासबाट मुलुकको आर्थिक विकासलाई सहयोग पुग्ने भएकाले मुलुकको ग्रामीण क्षेत्रहरुमासमेत दूरसञ्चार सेवा ( Voice,Data तथा Internet ) को न्यायोचित विस्तार गर्न प्राथमिकता दिने कार्यनीति रहेको छ ।

प्रतिस्पर्धात्मक बजारमा बाह्य वातावरणबाट आउने चुनौतीलाई सामना गर्न कम्पनीको आन्तरिक वातावरण सुदृढ हुन आवश्यक भएकाले दक्षता, उत्पादकत्व र प्रभावकारिता अभिवृद्धि गर्न सम्पूर्ण कर्मचारीवर्ग उत्प्रेरित भएर कार्य गर्नुपर्ने र कम्पनीप्रति विश्वास गरी आर्थिक लगानी गरेका कम्पनीका शेयरधनीहरुको शेयर मूल्य वृद्धि गर्न राजश्व आर्जनका नयाँ नयाँ श्रोतहरु पहिचान गर्नुका साथै, खर्चमा मितव्ययिता अपनाउँदै अनावश्यक र अनुत्पादक खर्चहरु कटौती गर्ने मुख्य कार्यनीति रहेको छ ।

# Talk Programme सम्पन्न

दूरसञ्चार क्षेत्रमा देखिएको प्रतिस्पर्धापूर्ण वातावरणमा नेपाल टेलिकमका कर्मचारीहरुले खेल्नुपर्ने भूमिकाका सम्बन्धमा हालै कम्पनीमा एक प्रवचन कार्यक्रमको आयोजना गरियो ।

सो कार्यक्रममा व्यापार व्यवस्थापन विभागका प्रबन्धक सुरेन्द्र प्रसाद थिकेले **Growing With Change** शीर्षकमा आफ्ना विचारहरु राख्नु भएको थियो । उँहाले विद्यमान प्रतिस्पर्धात्मक वातावरणबाट श्रृजना हुने चुनौतीको सामना गर्दै नेपाल टेलिकमलाई उत्कृष्ट संस्थाका रुपमा कायम राख्नका लागि मूलत ५ वटा पक्षहरुमा ध्यान केन्द्रित गर्नुपर्ने बताउनु भयो । उँहाले टेलिकमलाई सबल, सक्षम र अग्रणी संस्थाका रुपमा अघि बढाइरहनका लागि व्यवस्थापन र कर्मचारीहरुमा स्पष्ट भिजन हुनुपर्ने, कठिन अवस्थाको समेत सहजरुपले सामना गर्नका लागि तयार रहन सक्ने मनोभावको विकास गर्नुपर्ने र संस्थाको हितमा कर्मचारीहरुले दरिलो रुपले उभिई दायित्व बहन गर्नुपर्ने विचार राख्नु भयो । कर्मचारीहरुले आफूहरुलाई अनुशासित र प्रतिबद्ध कर्मचारीको रुपमा स्थापित गराउने र निरन्तर रुपले आफूलाई क्षमता र गुणात्मक रुपले विकसित गर्दै लगेमा नेपाल टेलिकम सधैं नै एक गौरवशाली संस्थाको रुपमा रहन सक्ने बिचार व्यक्त गर्नु भयो ।

सो कार्यक्रममा नेपाल टेलिकमका प्रबन्ध निर्देशक अमर नाथ सिंह, नायब प्रबन्ध निर्देशकहरु, प्रबन्धकहरुलगायत अन्य कर्मचारीहरुको सहभागिता रहेको थियो ।

# रमेश कुमार श्रेष्ठ सेवा निवृत्त

दूरसञ्चार तालिम केन्द्रका नि. निर्देशक रमेश कुमार श्रेष्ठ गत माघ २ गते देखि ५८ वर्ष उमेर हदले सेवानिवृत्त हुनु भएको छ । उहाँले नेपाल दूरसञ्चार तालिम केन्द्रलगायत नेपाल टेलिकमका विभिन्न विभाग तथा कार्यालयमा रही करीब ३५ वर्ष सेवा गर्नु भएको थियो । नेपाल टेलिकम केन्द्रीय कार्यालयमा आयोजित बिदाई कार्यक्रमा नेपाल टेलिकमका प्रबन्ध निर्देशक अमरनाथ सिंहले सेवानिवृत्त श्रेष्ठको योगदानको चर्चा गर्दै सुखद भविष्यको कामना गर्नुभयो । उहाँले सो अवसरमा सेवा निवृत्त श्रेष्ठलाई सम्झना स्वरुप उपहारहरु पनि प्रदान गर्नुभयो ।

उक्त अवसरमा नेपाल टेलिकम जनशक्ति व्यवस्थापन विभागका ना.प्र.नि. नारायण महतले भविष्यमा पनि सेवानिवृत्त श्रेष्ठको सहयोग कम्पनीलाई प्राप्त भइरहने अपेक्षा गर्नुभयो । सेवानिवृत्त श्रेष्ठले कम्पनीमा रहँदा प्राप्त गरेको उर्जा भविष्यमा नेपाल टेलिकमका लागि र आफ्नो जीवनका लागि उपयोग गर्ने बताउनु भयो ।

# नेपाल टेलिकमको सेवा विस्तार

नेपाल टेलिकमले GSM प्रविधिमा आधारित GPRS data सेवा Postpaid मोबाईल फोनमा मात्र उपलब्ध गराइरहेकोमा यही फागुण १ देखि बुटवल, पोखरा, विराटनगर र काठमाण्डौं तथा ती स्थान वरिपरिका क्षेत्रहरुमा prepaid सेवामा पनि सञ्चालनमा ल्याएको छ ।

यस्तैगरी कम्पनीको CDMA प्रविधिमा आधारित Skyphone postpaid mobile सेवा यही फागुण १ गते देखि मध्यपश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय (नेपालगञ्ज) र सुदुर-पश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय (धनगढी) अन्तर्गतका क्षेत्रहरुमा व्यावसायिक रुपमा सञ्चालनमा ल्याइएको छ । नेपाल टेलिकमले पाँचौ वार्षिकोत्सवका अवसरमा यी सेवाहरु सञ्चालन गर्ने निर्णय गरेको थियो ।

यस न्यूज लेटरलाई थप प्रभावकारी बनाउन यहाँको सुझाव तथा प्रतिक्रियाको अपेक्षा गरिएको छ ।
सुझाव तथा प्रतिक्रिया पठाउने ठेगाना: नेपाल टेलिकम, व्या.व्य.वि., सूचना तथा प्रकाशन शाखा, दूरसञ्चार भवन, भद्रकाली प्लाजा
E-mail: ntc.news@ntc.net.np, फोन: ४२१००२४/०४२, फ्याक्स: ४२१०००४, यो News Letter www.ntc.net.np मा पनि हेर्न सकिन्छ ।

Published by: BMD, Information & Publication Section, Co-ordinator S.P. Thike, Editor: Laxman Adhikari, Editorial Team: Nilakantha Tiwari, Bholanath Dahal, Umesh Dahal